नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं

## सूचना! सूचना!! सूचना!!!

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका कार्यहरु नियमित रुपमा भइरहेको बेहोरा अवगत नै छ। सो सम्बन्धमा अनलाईन मागदावी समेत अन्तिम पटकलाई खुल्ला गरी मागदावी विवरणहरु संकलन भईरहेको छ। यस सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन सरोकार सबैलाई यो सूचना जारी गरिएको छः-

१. सदस्य बचतकर्ताले अनलाइन प्रणालीमार्फत पेश गरेको मागदाबीको रकम हाल **National Payment Gateway** मार्फत सम्बन्धित बचतकर्ताको बैंक खातामा सिधै भुक्तानी हुने व्यवस्था गरिएको छ।

२. सदस्य बचतकर्ताको मागदाबीमा रहेको विवरणलाई परिवर्तित मागदाबी प्रणालीअनुसार अद्यावधिक गर्ने व्यवस्था गरिएको छ। साथै, प्रत्येक मागदाबीमा **एक मात्र मोबाइल नम्बर** प्रयोग गरी सो नम्बरमा प्राप्त हुने OTP का आधारमा सम्बन्धित मागदाबीको विवरण स्वयं संशोधन गर्न सकिने व्यवस्था रहेको छ।

३. मागदाबीमा **नाम गलत भएको, मोबाइल नम्बर अपुष्ट रहेको, परिचय तथा बचत पुष्टि हुने प्रमाण संलग्न नभएको वा एउटै बचतका सम्बन्धमा एकभन्दा बढी मागदाबी पेश भएको** अवस्थामा सम्बन्धित सदस्य बचतकर्ताले आवश्यक प्रमाणसहित विवरण अद्यावधिक गर्न **२०८३ साल कार्तिक मसान्तभित्र** ईमेल मार्फत निवेदन पेश गर्नुपर्नेछ।

४. एउटै मोबाइल नम्बर प्रयोग गरी एकभन्दा बढी मागदाबी पेश गरिएको अवस्थामा प्रत्येक मागदाबीका लागि **फरक–फरक मोबाइल नम्बर अद्यावधिक गर्नुपर्ने** भएमा सम्बन्धित सदस्य बचतकर्ताले आवश्यक विवरणसहित उक्त ईमेल ठेगानामा निवेदन पेश गर्नुपर्नेछ।

५. मागदाबीमा मोबाइल नम्बर संशोधन वा अद्यावधिक गर्नुपर्ने भएमा सम्बन्धित सदस्य बचतकर्ताले आवश्यक प्रमाण तथा विवरणसहित देहायको इमेलमार्फत निवेदन पेश गर्न सक्नेछन्:

**इमेलः claimamendment.coopmc@gmail.com**

६. माथि उल्लिखित विवरण अद्यावधिक तथा मोबाइल नम्बर संशोधनसम्बन्धी व्यवस्था **पहिलो पटकका लागि २०८३ साल कार्तिक मसान्तसम्म** लागू हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, बबरमहल, काठमाडौं।

मितिः २०८३।०६।१६

---

फोन नम्बर 4770932/4770474/4771681/4771999

इमेलः -info.coopmc@gmail.com वेवसाइटः -www.coopmc.gov.np